# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, काठमाडौं, नेपाल

पत्र संख्या:-

चलानी नं.:-

मिति २०८०।४।२३

**कक्षा ११को छात्रवृत्तिमा भर्ना हुनका लागि म्याचिङ (matching) प्रणालीबाट विद्यार्थी छनोटका लागि प्राथमिकता निर्धारण (priority setting) गर्नेसम्बन्धी सूचना ।**

काठमाडौं महानगरपालिकाद्वारा मिति २०८०/०४/२० गते सञ्चालित छात्रवृत्ति परीक्षाको मिति २०८०।४।२३ मा प्रकाशित अन्तिम योग्यताक्रममा रहेका उम्मेद्वारहरूले भर्ना प्रक्रियाको लागि म्याचिङ्ग (Matching) प्रणालीद्वारा वेबपोर्टल **https://entrance.kathmandu.gov.np** मार्फत प्राथमिकता निर्धारण (**priority setting**) गरी शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनोट गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । प्राथमिकता निर्धारण (Priority Setting) एकपटक मात्र गराईने भएकाले योग्यताक्रममा रहेका सम्पूर्ण उम्मेद्वारहरूले अनिवार्य रूपमा प्राथमिकता निर्धारण (Priority Setting) गर्नुपर्नेछ । प्राथमिकता निर्धारण (Priority Setting) नगरेमा छात्रवृत्तिको प्रक्रियामा संलग्न गराइने छैन ।

**म्याचिङ (matching) प्रणाली को कार्यक्रम**

| SN | Particulars | मिति |
|---|---|---|
| 1 | Online priority setting **START** | मिति २०८०।४।२४ विहान १०.०० बजेबाट |
| 2 | Online priority setting **CLOSE** | मिति २०८०।४।२७ राती ११.५९ बजेसम्म |
| 3 | Result of Matching and First List Admission **START** | मिति २०८०।४।२९ गते |
| | **Last** date for admission | मिति २०८०।५।१ गतेसम्म |
| 4 | Second Admission List | मिति २०८०।५।३ गते |
| | Last date for admission | मिति २०८०।५।७ गते बेलुकी ५ बजेसम्म |

**म्याचिङ (matching) प्रणालीमा शिक्षणसंस्था र शैक्षिक कार्यक्रम निर्धारण गर्ने प्रक्रिया**

१. छात्रवृत्ति परीक्षाको नतिजामा उत्तीर्ण भई योग्यताक्रमको सूचीमा रहेका उम्मेद्वारहरूले https://entrance.kathmandu.gov.np मा ब्राउज (browse) गरी "Check your Status" बटन मा क्लिक गर्नुहोस् ।

२. प्रवेश परीक्षामा सामेल हुँदा दिएको विवरणहरू (level, program, GPA, date of birth, SEE Symbol number (Alphabet बाहेक) भरी "Search your status" बटन क्लिक गर्नुहोस् ।

फोन नं.: +९७७-१-४२३१४८१ (प्रमुख), +९७७-१-४२३१४२९ (उप-प्रमुख), +९७७-१-४२३२८९२ (प्रमुख प्रशासकीय अधिकृत)
फ्याक्स नं.: +९७७-१-४२६८५०९, ईमेल: kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइट: www.kathmandu.gov.np

३. सम्बन्धित उम्मेदवारको प्रोफाइल खुलेपछि त्यहाँ रहेको "Set College-Program Priority" बटनमा क्लिक गर्नुहोस् ।

४. यस सूचनामा र शैक्षिक संस्था/विषय छनोट गर्ने फर्ममा दिइएका जानकारी राम्ररी अध्ययन गरेर मात्र प्राथमिकता रोज्ने कार्य शुरु गर्नुहोस् । सिट संख्यासम्बन्धी जानकारीका लागि top menu मा रहेको Seat distribution मेनुमा क्लिक गर्नुहोस् ।

५. "Add College and Program" मा क्लिक गरेपछि शैक्षिक संस्था र विषय ड्रपडाउन मेनु (drop-down menu) मा देखाउने छ । उक्त मेनुबाट प्राथमिकता क्रमका आधारमा शैक्षिक संस्था र विषय छान्नुहोस् । त्यहाँ रहेको "insert below" र "insert above" बटनले उम्मेद्वारहरुको प्राथमिकता क्रम थप्न/सच्याउन सक्नुहुनेछ । बढीमा १५ (पन्ध्र) वटा College-Program प्राथमिकता छनोट गर्न सकिने व्यवस्था गरिएको छ । उम्मेद्वारले प्राथमिकता निर्धारण सकिएपछि "Save college program priority" बटनमा क्लिक गर्नु पर्ने छ ।आफूले अध्ययन गर्न नचाहेको विषय र कलेज छनोट नगर्न सुझाव गरिन्छ । योग्यताक्रम र प्राथमिकताको आधारमा म्याचिङमा परिसकेपछि उक्त उम्मेद्वारलाई सूचीबाट हटाइ अन्य म्याचिङका लागि प्रक्रिया सञ्चालन गरिने छ ।

६. निर्धारण गरेको समय सिमा भित्र आफूले चयन गरेको प्राथमिकता संशोधन गर्न सकिने छ । यसरी प्राथमिकता परिवर्तन गरे पश्चात "Save college program priority" क्लिक गरी सुरक्षित (save) गर्नु पर्नेछ । निर्धारित समय समाप्त भए पश्चात फाराममा प्राथमिकता संशोधन गर्न सकिने छैन ।छनोट गर्ने समय समाप्त भएपश्चात् प्राथमिकतामा कुनै संशोधन गर्न सकिने व्यवस्था नरहेकाले सम्पूर्ण कार्य सावधानीका साथ गर्नु पर्नेछ ।

७. उम्मेद्वारहरूले शैक्षिक संस्था र विषय निर्धारण गर्न तोकिएको समय समाप्त भएपश्चात् आफूले चयन गरेको प्राथमिकताको कन्फर्मेसन (confirmation page) डाउनलोड (download) गरी सुरक्षित राख्नु पर्नेछ ।

८. शैक्षिक संस्था र विषय छनोट गर्ने समय समाप्त भए पश्चात् उम्मेदवारको योग्यताक्रम, प्राथमिकता र उपलब्ध सिटका आधारमा **Computer based matching** प्रणालीबाट पहिलो भर्ना सूची प्रकाशित गरिने छ र उक्त नतिजा उम्मेद्वारको प्रोफाइलबाट पनि हेर्न सकिने छ । उपर्युक्त अवधिमा भर्ना नहुने विद्यार्थीको नाम सूचीबाट हटाइनेछ र रिक्त सिटमा योग्यताक्रम र प्राथमिकताको आधारमा पुनः म्याचिङ्ग गरी भर्ना सूची प्रकाशित गरने छ ।


फोन नं.: +९७७-१-४२३१४८१ (प्रमुख), +९७७-१-४२३१४२९ (उप-प्रमुख), +९७७-१-४२३२८९२ (प्रमुख प्रशासकीय अधिकृत)
फ्याक्स नं.: +९७७-१-४२६८५०९, ईमेलः kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइटः www.kathmandu.gov.np

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, काठमाडौं, नेपाल

पत्र संख्या:-

चलानी नं.:-

मिति ........................

## भर्ना प्रक्रिया

१. म्याचिङ प्रक्रियाको पहिलो र दोस्रो सूचीमा प्रकाशित उम्मेदवारहरूले तोकिएको समयमा तोकिएको शिक्षण संस्थामा गई भर्ना भइसक्नुपर्नेछ । भर्नाका लागि सिफारिश भएको व्यक्तिले भर्ना नगरेमा सो व्यक्तिलाई त्यसपछिका कुनैपनि प्रक्रिया भाग लिन दिइने छैन ।

२. माध्यमिक तहमा प्राविधिक धारका कक्षा ९ र १० अध्यापन गरेका विद्यार्थीले मात्र कक्षा ११ को प्राविधिक धारका विषयमा अध्ययन गर्न पाउने छन् । पद्मकन्या विद्याश्रम मावि डिल्लीबजारका हकमा छात्रालाई मात्र भर्ना दिइने छ ।

३. दोस्रो चरणको म्याचिङ सूचीमा परेका उम्मेदवारहरूलाई भर्नाका लागि प्रदान गरिएको समय समाप्त भए पश्चात पनि सीट खाली हुन आएमा त्यस्तो सिटमा भर्ना हुन कुनै पनि शिक्षण संस्थामा भर्ना नभएका र भर्नाका लागि सिफारिश नभएका सम्पूर्ण उम्मेदवारहरूवीच भौतिक उपस्थिति गराई उपस्थित भै सहभागी हुने म्याचिङ प्रक्रिया अवलम्बन गरिनेछ । यसका जुनसुकै विषयमा उत्तीर्ण गरेको भएपनि भाग लिन पाउनेछन् ।

**झुटो विवरण पेस गरी आवेदन दिई म्याचिङमा परेको वा भर्ना गरेको पाइएमा त्यस्तो विद्यार्थीको भर्ना रद्द गरी प्रचलित कानुनबमोजिम कारबाही हुनेछ ।**

(सीताराम कोइराला)
संयोजक, छात्रवृत्ति परीक्षा समिति तथा
**शिक्षा अधिकारी**
काठमाडौं महानगरपालिका

फोन नं: +९७७-१-४२३१४८१ (प्रमुख), +९७७-१-४२३१४२९ (उप-प्रमुख), +९७७-१-४२३२८९२ (प्रमुख प्रशासकीय अधिकृत)
फ्याक्स नं: +९७७-१-४२६८५०९, ईमेल: kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइट: www.kathmandu.gov.np